महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal
(भौतिक पुर्वाधार तथा यातायात निर्देशनालय)

पत्र संख्याः २०७८/७९
च.नं. 69

मितिः २०७८/७/१६

विषयः लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन ।

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू
साँफेबगर नगरपालिका, नगरकार्यपालिकाको कार्यालय,
साँफेबगर, अछाम।

लेखापरीक्षण ऐन, २०७५ अनुसार त्यस कार्यालयको आर्थिक वर्ष २०७७।७८ को विनियोजन/राजस्व/धरौटी/अन्य कारोबारको आर्थिक विवरण तथा सोसँग सम्बन्धित कागजपत्र र विवरण परीक्षण गरी मिति २०७८।६।१५ मा छलफल पश्चात् तयार गरिएको पाना १९ को प्रारम्भिक प्रतिवेदन यसैसाथ छ ।

कार्यालयबाट पेश भएको आर्थिक विवरणप्रतिको उत्तरदायित्वप्रचलित कानून वमोजिम जिम्मेवार व्यक्तिको हो । लेखापरीक्षकको उत्तरदायित्व नेपाल सरकारी लेखापरीक्षणमान् बमोजिम आर्थिक विवरण परीक्षण गरी प्रतिबेदन गर्नु हो । प्रतिबेदनमा उल्लिखित व्यहोराका सम्बन्धमा आर्थिक कार्यविधि तथा बित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा ३७(१) बमोजिम ३५ दिनभित्र फछ्यौंट गरी सम्परीक्षण गराउनु हुनेछ । उक्त समयभित्र फछ्यौंट गरी सम्परीक्षण नगराएमा ऐनको दफा ३७(४) बमोजिम कारबाहीका लागि लेखाउत्तरदायी अधिकृतलाई जानकारी गराइने व्यहोरा निर्देशानुसार अनुरोधगर्दछु ।

रमेश नेपाल
(निर्देशक)

बोधार्थ तथा कार्यार्थः
श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरवार, काठमाण्डौ - प्रतिवेदन संलग्न छ ।

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय,
अछाम - प्रतिवेदन संलग्न छ ।

आर्थिक कारोबारको स्थिती

कार्यालय र स्थानः साँफेबगर नगरपालिका, नगरकार्यपालिकाको कार्यालय, अछाम । **आर्थिक वर्षः २०७७।७८**

	नाम र दर्जा	कार्यरत अवधि		बेरुजू रकम
		देखि	सम्म	
कार्यालय प्रमुख	श्री लक्ष्मी प्रसाद शर्मा	२०७७/४/१	२०७८/३/३१	५,६२,३१,०००.०
आर्थिक प्रशासन प्रमुख	श्री सुदीपराज बस्नेत	२०७७/४/१	२०७८/३/३१	
	श्री सरस बुढा	२०७७/४/१	२०७८/३/३१	
	श्री तुल्सीदेवी सापकोटा	२०७७/४/१	२०७८/३/३१	

स्थानीय संचित कोष : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस नगरपालिकाले वित्तिय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहायता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएको आयोजनाहरु समेतको आयव्यय हिसाबको आर्थिक वर्ष २०७७।७८ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छ।

सि.नं	आयतर्फ			सि.नं	व्ययतर्फ		
	विवरण	रकम	रकम		विवरण	रकम	रकम
१	गत वर्षको जिम्मेवारी		३,४९,९३,१४८/४०	१	चालु खर्च	५१२६७१५९२/९५	५१२६७१५९२/९५
	क) नगद	००	००	२	पूँजीगत खर्च	१४८००७८४२/-	१४८००७८४२/-
	ख) बैंक	३,४९,९३,१४८/४०		३	वित्तिय व्यवस्था भुक्तानी	००	००
२	राजस्व (आन्तरिक आय)		९,९८,६४,१२२/१४		क) ऋण भुक्तानी	००	००
	क) आन्तरिक राजस्व	१,६५,०८,५७३/९०			ख) व्याज भुक्तानी	००	००
	ख) राजस्व बाँडफाँड	८,३३,५५,५४८/२४			ग) अन्य भुक्तानी	००	००
	ग) अन्य आय	००		४	लगानी		००
३	वित्तिय हस्तान्तरण संघ		५४,३४,५८,६२०/-		ऋण लगानी	००	
	क) वित्तिय समानीकरण अनुदान	११,४०,००,०००/-			शेयर लगानी	००	
	ख) सशर्त अनुदान	४२,९४,५८,६२०/-			अन्य लगानी	००	
	ग) समपूरक अनुदान	००		५	धरौटी फिर्ता	१७५०२५/-	१७५०२५/-
	घ) विशेष अनुदान	००		६	जनश्रमदान फिर्ता	००	००
४	प्रदेश सरकारबाट प्राप्त अनुदान		५,६५,३७,०००/-	७	कोष फिर्ता	००	००
	क) वित्तिय समानीकरण अनुदान	७१,३४,०००/-		८	मौज्दात		५,३०,३५,४६८/५९
	ख) सशर्त अनुदान	३,४८,६१,०००/-			क) बैंक मौज्दात	५,३०,३५,४६८/५९	
	ग) समपुरक अनुदान	७७,४२,०००/-			ख) नगद मौज्दात	००	
	घ) विशेष अनुदान	६८,००,०००/-		९	शसर्त अनुदान फिर्ता	२,०८,०१,८८०/-	२,०८,०१,८८०/-
५	अन्तर स्थानीय तहबाट प्राप्त			१०	गत बर्षको बढी अल्या	००	००
६	अन्य		००	११	जनश्रमदान मौज्दात	००	००
	क) क्षेत्रीय शहरी विकास योजना	००		१२	धरौटी मौज्दात	१५,०९,१२९/-	१५,०९,१२९/-
	ख) सडक बोर्ड नेपाल	००		१३	कोष खाताको मौज्दात		५,९३,९५३/-
	ग) पर्यटन बोर्ड नेपाल	००			क. प्रकोप व्यवस्थापनकोष खाता	१२७/-	
	घ) एन एन एस डब्लु ए	००			ख.विविध कोष खाता	५,९३,८२६/-	
७	विभिन्न कोषतर्फको आय	१९,४२,०००/-	१९,४२,०००/-		-	-	-
८	जनसहभागिता (नगद)	००	००			-	-
९	विषयगत निकायबाट प्राप्त	००	००		-	-	-
१०	धरौटी आय	००	००		-	-	-
११	लगानीको साँवा फिर्ता	००	००		-	-	-
१२	अन्य विविध आय	००	००		-	-	-
	जम्मा	७३,६७,९४,९८०/५४	७३,६७,९४,९८०/५४		जम्मा	७३६७९४९८०/५४	७३,६७,९४,९८०/५४

लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन

दफा	भौ.नं, मिति र व्यहोरा	बेरुजू रकम
	परिचय – स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस नगरपालिकाको स्थापना भएको हो। स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु नगरपालिकाको उद्देश्य रहेको छ।यस नगरपालिका अन्तर्गत १४ वडा, ७३ सभा सदस्य, १६६.७१ वर्ग किलोमिटर क्षेत्रफल तथा ३४९५३ जनसंख्या रहेको छ ।	
	लेखापरीक्षणमा पेश भएको श्रेस्ता तथा आर्थिक कारोबारहरुको जोखिम विश्लेषण, लेखापरीक्षण नीति, मापदण्ड, व्यवस्थापन प्रतिनिधित्व पत्र, लेखापरीक्षण मार्गदर्शन, व्यवसायिक लेखापरीक्षणका असल अभ्यासको आधारमा तयार गरीएको स्वीकृत लेखापरीक्षण योजना, कार्यक्रम र लेखापरीक्षणको विधि अनुसार लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षणको निष्कर्ष सहित प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोबार र वित्तिय विवरणको शुद्धताको जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ । उक्त आधारमा लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराहरु उपर मिति २०७८।६।१५ मा व्यवस्थापनसँग छलफल गरी कायम भएका व्यहोराहरु निम्न अनुसार छन् :	
	लेखापरीक्षणको क्रममा असुली: लेखापरीक्षणको क्रममा मिति २०७८।५।३१ मा सशर्त अनुदान निकासा रकम रु. १,६२,८०,६१५।३० फिर्ता भई संचित कोष दाखिला भएको छ ।	
	वित्तीय विवरण विश्लेषण	
१.	**वित्तीय विवरण** – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ। सोही ऐनको दफा ६९ मा तोकीय अनुसार नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन् • स्थानीय तहले मासिक रुपमा बैंक समायोजन हिसाब खाता तयार गरेको छैन । नगरपालिकाको असार मसान्तको बैंक मौज्दात र श्रेस्ताको मौज्दातमा रु. ३४७३२५८०.०० फरक देखिएको छ । • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस नगरपालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन । त्यसैले तोके बमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।	
२.	**बजेट तथा कार्यक्रम तर्जुमा** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएतापनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।	
३.	**एकिकृत आय-व्यय विवरण** - कार्यालयले सूत्र लेखाप्रणालीको प्रयोग गरेतापनि लेखा प्रणालीका स्वीकृत ढाँचाहरु स्वचालित रुपमा सृजना गर्ने गरेको देखिएन। जस्तै नगरपालिकाको एकिकृत आयव्यय विवरण सुत्र प्रणालीबाट तयार हुने गरेको छैन । संचित कोष खाताको मर्म अनुसार समयमै श्रोतगत रुपमा आम्दानी जनाउने र निकासा खर्च लेखी संचित कोषको यथार्थ हिसाव देखाउन सम्बन्धित निकायको ध्यान जानुपर्दछ ।	
४.	**बैंक हिसाब मिलान नगरेको:** स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीयतहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैंक खाताको हिसाब मिलान विवरण तयार गर्नुपर्नेमा मासिक रुपमा तयार नगरी नगरपालिकाले सञ्चालन गरेको देहायबमोजिमको खाताको वार्षिक रुपमा बैंक हिसाब	

दफा	भौ.नं, मिति र व्यहोरा	बेरुजू रकम
	मिलान विवरण तयार गरेको छ ।	

सि. नं.	खाताको नाम	श्रेस्ता अनुसार २०७८।३।३१ को बाँकी	बैंक स्टेटमेण्ट अनुसार २०७८।३।३१ को बाँकी	फरक
१	कार्य संचालन कोष खाताहरुको	५३०३५४६८।५९	८४७३८५६३।५९ (साट्न बाँकी चेक रु. ३४७३२५८०।००)	३१७०३०९५।००
२	धरौटी खाता	१५०९१२९।००	१५०९१२९।००	०
३	प्रकोप व्यवस्थापन कोष खाता	०	३०२९४८५।००	३०२९४८५।००
४	विविध कोष खाता	५९३८२६।००	५९३८२६।००	०
	जम्मा	५,५१,३८,४२३।५९	८,९८,७१,००३।५९	३,४७,३२,५८०।००

५. **आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आ आफ्नो कोषको प्रकृतिअनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको छैन। यस सम्वन्धमा देखिएका व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।
- नगरपालिकाले एक आर्थिक वर्षको अन्त्य भित्र भएको आफ्नो आर्थिक कारोवारको अनुसुची १४ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।
- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित कोषमा ट्रान्सफर गर्नुपर्नेमा आर्थिक वर्ष समाप्त भए पश्चात् पनि चालु खर्च खातामा र पुँजीगत खर्च खातामा गरी कुल रु. ३,१७,०३,०९५।०० मौज्दात रहेको पाईयो ।
- नगरपालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै नगरपालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा नगरपालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।
- नगरपालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।
- वडा कार्यालयमा रहेका जिन्सी समान सहितको अभिलेख देखिने गरी नगरपालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।
- जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नुपर्नेमा गरेको पाईएन ।
- मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई दिएको छैन र भुक्तानीमा इ. टी. डी. एस. गरेको छैन ।
- कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको छैन।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै नगरपालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।
- ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता अद्यावधिक राखेको पाईएन।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सो वनाएको पाईएन ।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।
- संस्था दर्ता ऐन, २०३४ दफा ३ नगरपालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।
- सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।
- नगरपालिकाले कर्मचारीको कार्य विवरण वनाई लागु गरेको पाईएन ।
- भ्रमण अभिलेख खाता नरहेको तथा अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको ।
- तलवी प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरि खर्च लेखेको पाईयो । तलवी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत यकिन हुन सकेन ।

दफा	भौ.नं, मिति र व्यहोरा	बेरुजू रकम
	• कतिपय योजनाहरुमा इष्टिमेट तयार गरेको, स्वीकृत गरेको, नापी मूल्याकन गरेको, जाँच गरेको, स्वीकृत गरेको, ठेक्का बिल र कार्यसम्पन्न प्रतिवेदन तयार गरेको, स्वीकृत गरेको मिति उल्लेख नभएको। • निर्माण कार्यको कार्यसम्पन्न प्रतिवेदन अनुसार नापी किताव तयार गरी उक्त नापी किताबलाई नियमको प्रावधान अनुरुप अद्यावधिक गरी राख्नुपर्नेमा योजनाहरुको नापी लुज पेपरमा भर्ने गरेको पाइयो । अतः योजनागत नापी किताव बनाई भएको कार्य र खर्चको विवरण अद्यावधिक गरेको देखिएन। • कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्बर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन। तसर्थ नगरपालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।	
६.	**बरबुझारथ** : मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस नगरपालिका तथा नगरपालिकामा समाहित भएका साविकका नगर विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजू अभिलेख समायोजन भएको नगरपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्यौंट तथा बेरुजू सम्परीक्षण कार्य गर्नुपर्नेमा यस नगरपालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले नगरपालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ ।	
७.	**सम्पत्ति हस्तान्तरण** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका नगरपालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस नगरपालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान सामानहरु जिम्मेवारी सारेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउने, हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ ।	
८.	**यातायात गुरु योजनाः** स्थानीय निकायले आफ्नो क्षेत्रभित्र स्थानीय निकायलगायत अन्य निकायबाट निर्माण भएका सम्पूर्ण सडकहरुको नक्साङ्कन एवम् अद्यावधिक विवरण (रोड ईन्भेन्ट्री) तयार गरी राख्नुपर्ने र सडक निर्माण गर्दा यातायात गुरु योजनालाई आधार मानी आयोजना छनौट गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले यातायात गुरुयोजना तयार गरेको देखिएन भने यातायात गुरु योजना बिना नै यस वर्ष सञ्चालन गरेका योजनाहरुमध्ये अधिकाँश योजनाहरु सडक निर्माण तथा योजना सञ्चालन गरेको छ । यातायात गुरु योजना तयार गरी गुरुयोजनामा परेका सडकलाई प्राथमिकता दिई सडक योजना निर्माण तथा सञ्चालन गर्न ध्यान दिनुपर्दछ ।	
	• **बजेट तथा कार्यक्रम**	
९.	**बजेट पेश, पारित र अख्तियारी** - स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्य नगरपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। यस नगरपालिकामा मिति २०७७।३।१० गते बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७७।३।११ मा पारित भएको छ । नगरपालिकाको प्रमुखले २०७७।४।५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।	
१०.	**लक्ष्य प्रगतिको स्थिति** : आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ मा चौमासिक प्रगति विवरण पेश गर्ने व्यवस्था छ । नगरपालिकाले सञ्चालन गरेका जिल्लास्तरीय तथा केन्द्रीय प्रशासकीय आयोजनामध्ये सबै आयोजनाको उपर्युक्त नियम बमोजिम अनुसूची – २ बमोजिमको ढाँचामा प्रगति विवरण तयार गरेको देखिएन । कार्यालयले सञ्चालन गरेका सबै योजनाहरुको नियमले तोकिदिए अनुसारको ढाँचामा प्रगति विवरण तयार गरी पेश गर्नुपर्दछ ।	
११.	**चौमासिक पूँजीगत खर्च** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्य लक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन गरी	

दफा	भौ.नं., मिति र व्यहोरा	बेरुजू रकम

कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुँजीगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

सि. नं.	पूँजीगत खर्च शीर्षक	कुल खर्च	चौमासिक खर्च (रु.हजारमा)			आषाढ महिनाको मात्र खर्च
			प्रथम चौमासिक	दोस्रो चौमासिक	तेस्रो चौमासिक	
१.	पूँजीगत खर्च	१४८००७८४२	१२३१८५४	१०६८६२११	१३६०८९७७७	१०४८७९८५०
	खर्च प्रतिशत		०.८३	७.२२	९१.९५	७०.८६

नगरपालिकाले उपलव्ध गराएको विवरण अनुसार तेस्रो चौमासिकमा रु. १३ करोड ६० लाख ९० हजार अर्थात कूल पूंजीगत खर्चको ९१.९५ प्रतिशत खर्च गरेको छ । आषाढ महिनामा मात्र कूल पूंजीगत खर्चको ७०.८६ प्रतिशत खर्च देखिनुले वर्षान्तमा मात्र विकाश निर्माण कार्यमा खर्च भएको देखिएकोले सन्तुलित खर्च भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ ।

१२. **क्षेत्रगत बजेट र खर्चः** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७७।७८ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहाय अनुसार रहेको देखिन्छ ।

(रु. हजारमा)

मुख्य क्षेत्र	वार्षिक वजेट	खर्च रकम	कुल खर्च मध्ये प्रतिशत
आर्थिक विकास	३३३०२	२७११९	४.१६
सामाजिक क्षेत्र	४५२८०८	४०८५९८	६२.७२
पूर्वाधार विकास क्षेत्र	३४८५५	३०६७३	४.७१
सुशासन तथा अन्तर सवन्धित क्षेत्र	६८४०३	५१९४१	७.९७
वातावरण तथा विपद् व्यवस्थापन	०	०	०
संस्थागत विकास र सेवा प्रवाह	०	०	०
कार्य सञ्चालन तथा प्रशासनिक खर्च	१५४१६९	१३३०९३	२०.४४

नगरपालिकाले यसवर्ष कुल आन्तरिक आयबाट रु. १६५०८५७३।९० राजस्व बाँडफाँड र अनुदानबाट रु. ६८३३५११६८।२४ समेत रु. ६९९८५९७४२।१४ आम्दानी भएकोमा चालु तर्फ रु. ५१२६७१५९२।९५ र पूँजीगत तर्फ रु. १४८००७८४२।०० समेत रु. ६६०६७९४३४।९५ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा २.५० प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुविधामा रु.११४९४५००.०० खर्च भएको छ, जुन आन्तरिक आयको ६९.६३ प्रतिशत रहेको छ । नगरपालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ७३.२५ प्रतिशत चालु र २१.१५ प्रतिशतमात्र पूँजीगत निर्माणमा खर्च भएको देखिन्छ। यसबाट नगरपालिकाले बिकास निर्माण प्रयोजनमा न्यून खर्च गरेको प्रशासनिक प्रयोजनमा बढी खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ ।

१३. **बजेट स्वीकृतिः** नगर सभाले मिति २०७७।३।११ मा आर्थिक वर्ष २०७७/७८ को रु. ७३ करोड ५४ लाख ९८ हजारको बजेट स्वीकृत गरेको छ ।बजेट विनियोजन गर्दा चालु तथा पूँजीगत प्रकृतिका कार्यक्रम, योजनाहरुमध्ये गत वर्षहरुमा संचालन भई पुरा नभएका, रणनीतिक महत्वका, स्थानिय तहका गौरवका र वडाहरुमा संचालन हुने सालवसाली योजनाहरुमा प्राथमिकताको आधारमा बजेट विनियोजन गरी स्वीकृत गर्नुपर्नेमा सो बमोजिम नगरी नगरसभाले सिङ्गो बजेट स्वीकृति गरेको छ । नगरसभाले मिति २०७७।३।११ को निर्णयले बजेट स्वीकृति भएबमोजिम प्रमुख प्रशासकिय अधिकृतलाई खर्च गर्ने गरी अख्तियारी प्रदान गरेको छ । बजेट विनियोजन तथा खर्च गर्ने प्रकृयामा नगर सभाको स्वामित्व रहनुपर्दछ । योजना अनुसार नै नगर सभाबाट प्रस्ताव गरी बजेट स्वीकृति गराउनुपर्दछ ।

१४. **योजना छनौट र विनियोजन** — स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम स्थानीय तहले आगामी बर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकावाट स्वीकृत गराई आषाढ १० भित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ। आय व्ययको अनुमानसाथ गतवर्षको वास्तविक आय व्यय, चालु आर्थिक वर्षको अन्तिमसम्ममा हुने आय व्ययको संशोधित अनुमान तथा आगामी वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण सभामा पेश गरी १५ दिन भित्र छलफल सम्पन्न गरी अषाढ मसान्त भित्र नै पारित गर्नुपर्ने व्यवस्था छ। त्यस्तै ऐनको दफा १९ मा सभाको वैठक सामान्यतया बर्षमा २ पटक बस्ने व्यवस्थासमेत गरेको छ। जस अनुसार आषाढको सभाले बार्षिक नीति बजेट तथा कार्यक्रम स्वीकृत गर्ने र दोस्रो सभाले नीति कार्यक्रम तथा योजना कार्यान्वयनको समिक्षा गर्ने, ऐनको

दफा	भौ.नं, मिति र व्यहोरा	बेरुजू रकम
	मस्यौदा तयार गरी छलफल र पारित गर्ने कानूनको मनसाय र संघीय सरकारको प्रचलन समेत रहेको छ। कार्यपालिकाले नगरसभाले निर्णय गरेको भन्दा १७ वटा योजना सिफारीस गरी रु. १ करोड ४ लाखको सञ्चालन गरेको देखियो । योजना तर्जुमा गर्दा योजना छनौटका प्रक्रिया पूरा नगरी कार्यक्रम तथा योजना कार्यान्वियन गराई पछि सभावाट अनुमोदन गर्न पूरक बजेट तथा कार्यक्रम समर्थन गराउने गरेको पाईयो। योजना छनौटका प्रक्रिया पूरा गरी असार १० गतेभित्रको सभाले मात्र योजना तथा कार्यक्रम पारित गराउने तर्फ ध्यान जानुपर्ने देखियो ।	
१५.	**योजना र कार्यान्वयन** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ। यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरु देहायअनुसार छन्:	

क. सं.	विवरण	योजना संख्या	रकम
१	रु. १ लाखभन्दा कमको योजना	८९	६६,५५,०००।००
२	रु. एक लाख देखि पाँच लाखसम्मका योजना	९०	२,२४,५२,०००।००
३	रु. ५ लाख देखि १० लाखसम्मका योजना	४५	३,८०,००,०००।००
४	रु. दश लाख देखि ५० लाखसम्मका योजना	२५	६,०८,३०,०००।००
५	रु. ५० लाख भन्दा माथीका	०	०
	जम्मा	२४९	१२,७९,३७,०००।००

दफा	भौ.नं, मिति र व्यहोरा	बेरुजू रकम
	• कानून निर्माण एवं कार्यान्वयन	
१६.	**न्यायीक समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ४ र यो बर्ष थप भएको १३ गरी कुल १७ विवाद दर्ता भएकोमा ११ वटा फछ्र्यौट भई ६ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनु पर्दछ ।	
१७.	**कानुन निर्माण** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिंकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था भएकोमा, कार्यालयबाट प्राप्त विवरण अनुसार नगरपालिकाले यस आर्थिक वर्षसम्म ९ वटा ऐन, ८ वटा नियमावली, १६ वटा कार्यविधि र १ वटा मापदण्ड गरी जम्मा ३४ वटा कानुन बनाएर लागू गरेको छ ।	
१८.	**आन्तरिक लेखापरीक्षण शाखा** : प्रत्येक स्थानीय तहले आफ्नो आन्तरिक कारोवार, आन्तरिक जाच एवं आर्थिक कार्य प्रणाली प्रभावकारी र व्यवस्थित गराउन आन्तरिक लेखापरीक्षण शाखा गठन गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले आन्तरिक लेखापरीक्षण शाखा गठन गरी अधिकृत छैठौं तहको दरवन्दी भएतापनि पदपूर्ति भएको छैन।आन्तरिक लेखापरीक्षण शाखा गठनको अभावमा आर्थिक कारोवार अव्यवस्थित भई वित्तीय जोखिम वढ्ने संभावना रहन्छ।तसर्थ यस नगरपालिकाले आन्तरिक लेखापरीक्षण शाखा गठन गरी आर्थिक कारोवारको यथार्थता एवं वित्तीय जोखिम न्यूनीकरण गर्ने तर्फ ध्यान दिनु पर्दछ। स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर नगरपालिकाले यस वर्षको अन्तरसरकारी अख्तियारी बाहेकको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन।	
	• पदाधिकारी सुविधा	
१९.	**स्थानीय तहका पदाधिकारी सुविधा** - नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार सुदुरपश्चिम प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ लाई संशोधन गरी मिति २०७७।३।११ मा जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्था अनुसार नगरपालिकाबाट देहाय बमोजिम रु. १,१४,९४,५००।- सुविधा वापत भुक्तानी	

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	भएको छ।	

सि.नं	विवरण	प्रमुख	उपप्रमुख	वडाअध्यक्ष ८ जना	कार्यपालिका सदस्य ८ जना	सभाका सदस्य ५३ जना	जम्मा
१	बैठक भत्ता	०	०	०	०	०	०
२	यातायात खर्च	०	०	०	०	०	०
३	टेलिफोन,मोबाइल	८४०००	७२०००	३८४०००	३३६०००	१२७२०००	२१४८०००
४	पुस्तक, पत्रिका, ईन्टरनेट	७८०००	६००००	३८४०००	३३६०००	१५९००००	२४४८०००
५	समन्वय तथा सहजीकरण	१२००००	१०८०००	६२४०००	५७६०००	२५४४०००	३९७२०००
६	अतिथि सत्कार	१३२०००	१२००००	७६८०००	२४००००	०	१२६००००
७	खानेपानी/बिजुली/सरसफाई	४८०००	४२०००	२४००००	०	६३६०००	९६६०००
८	चाडपर्व खर्च	२७५००	२५०००	१४४०००	८००००	४२४०००	७००५००
	जम्मा	४८९५००	४२७०००	२५४४०००	१५६८०००	६४६६०००	११४९४५००

२०. **आर्थिक सहायता** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर नगरपालिकाले यस वर्ष रु. २२,५४,६४०.० आर्थिक सहायता वितरण गरेका छन् । आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

२१. **विविध खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष विविध खर्चतर्फ मात्र रु.३७,३१,४०८.० खर्च गरेको छ ।यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।

- कर दस्तुर एवं आन्तरिक आय

२२. **आयको अनुमानः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले नगरपालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। नगरपालिकाले पेश गरेको आय/व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित विवरण पेश नभएकोले, प्रक्षेपित आयको तुलनामा कति घटि वा बढी आय भयो एकिन गर्न सकिएन। आर्थिक वर्ष २०७७।७८ मा नगरपालिकाले रु. १,६५,०८,५७४.०० आम्दानी गरेको छ । नगरपालिकाले आर्थिक वर्ष २०७७।७८ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

केन्द्रिय अनुदानबाट खर्च	आन्तरिक आय	आन्तरिक आय प्रतिशत
६८,३३,५१,१६८.००	१,६५,०८,५७४.००	२.४२

उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा २.४२ प्रतिशत मात्र रहेको छ । त्यसैले नगरपालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

२३. **नदीजन्य पदार्थको ठेक्काः** नगरपालिकाको कार्यक्षेत्र भित्र नदीजन्य पदार्थ ढुङ्गा, गिट्टि, बालुवा निकाल्ने गरी रु. ४५,००,०००।०० (मू. अ. कर बाहेक) लागत अनुमान भएको सूचना आह्वान गरेकोमा रु. ५१,४०,०००।०० (मू. अ. कर बाहेक) मा शोडषा देवी निर्माण सेवासंग मिति २०७७।६।१४ मा सम्झौता भएको छ । उक्त ठेक्का व्यवस्थापनमा निम्न व्यहोरा देखिएको छ ।

दफा	ब्यहोरा	बेरुजू रकम
२३.१.	सम्झौता बमोजिम मू. अ. कर बाहेक रु. ५१,४०,०००.०० बुझाउनुपर्नेमा मिति ०७७।६।१४ मा रु. १७,१४,०००.०० बुझाएको छ भने बुझाउन बाँकि रु. ३४,२६,०००।०० रकम असुल गरी संचित कोष जम्मा गर्नुपर्ने रु.	३४,२६,०००।००
२३.२.	सम्झौता बमोजिमको मू. अ. कर बाहेकको ठेक्का अंक रु. ५१,४०,०००.० को १३ प्रतिशतले हुने रु. ६,६८,२००.० मू.अ.कर दाखिला नभएकोले सो असुल गरी दाखिला गर्नुपर्ने रु.	६,६८,२००।००
२३.३.	बोलपत्र पेश गर्ने फर्ममध्ये सबैभन्दा बढी कबोल गर्ने ध्रुवतारा निर्माण सेवाको कबोल अंक रु. ५२,२५,०००.०० (मू.अ.कर बाहेक) रहेकोमा बोलपत्र साथ बैंक जमानतको प्रतिलिपी पेश भएको भनि बोलपत्र मुल्यांकनमा समावेश गरेको पाइएन । उक्त बोलपत्र मुल्यांकनमा समावेश नगर्दा रु. ८५,०००।०० नोक्सान भएको छ ।	
२३.४	आय ठेक्काको सम्झौता गर्दा बैंक जमानत लिइ ठेक्का सम्झौता गर्नुपर्नेमा बैंक जमानत नलिइ ठेक्का सम्झौता गरेकोले सम्झौता बमोजिमको रकम असुल हुन नसकेकोले नियमानुसार बैंक जमानत लिइ ठेक्का सम्झौता गर्नु पर्दछ ।	
२३.५.	कवाडी करको सम्झौता रकम रु. १,०५,०००।०० को १३ प्रतिशतले हुने मू. अ. कर रु. १३,६५०।०० असुल	१३,६५०.००

दफा	भौ.नं, मिति र व्यहोरा	बेरुजू रकम
	गरी आन्तरिक आय खातामा नै रहेको देखिएकोले संघीय संचित कोष खातामा दाखिला गर्नुपर्ने रु.	
२४.	**रसिद नियन्त्रण खाता नरहेको:** नगरपालिकाले आफ्नो क्षेत्रभित्र विभिन्न करहरुको सिफारिस दस्तुरको लागि प्रयोग गरिने नगदी रसिदको रसिद नियन्त्रण खाता अद्यावधिक गरी राख्नुपर्दछ । गत वर्षको मौज्दात, यो वर्षको आय, यो वर्षको खर्च र बाँकी जिम्मेवारी देखिने गरी नगदी रसिदको खाता तयार गर्नुपर्नेमा सो खाता तयार गरेको छैन । आर्थिक वर्षको अन्तमा फिर्ता गर्नुपर्ने कतिपय रसिद ठेलीहरु फिर्ता आएको छैन । आम्दानीतर्फ प्रयोग गरिने रसिद ठेलीको आय एकिन गरी बैंक जम्मा विवरण राखी श्रेस्ता अद्यावधिक गर्नुपर्ने देखिन्छ ।	
२४.१	**डोजर भाडा:** नगरपालिकामा रहेको डोजर भाडामा लगाए बापत प्राप्त हुने आयलाई नगरपालिकाले डोजरको भाडा भनेर शिर्षक उल्लेख गरेर आयमा आम्दानी गरेको छैन । कतिपय उपभोक्ता समितिले डोजर भाडामा लगेको समयको भाडा रकम निजहरुको बिलबाट कट्टा गरेको तर राजश्वमा आम्दानी गरेको छैन। जसबाट नगरपालिकाको आय एकिन गर्न सकिने अवस्था छैन ।	
२४.२	**रकम ढिला दाखिला गर्ने** - आर्थिक कार्यबिधि तथा वित्तिय उत्तर दायित्व ऐन, २०७६ को दफा २७(२) बमोजिम नगद प्राप्त हुने रकम दैनिक रुपमा दाखिला गर्नुपर्ने र दैनिक रुपमा बैंक दाखिला गर्न नसकिने भएमा भोलि पल्ट दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ ।२०७८ आषाढ महिनामा राजश्व आम्दानीको वैंक दाखिला विवरण अनुसार आन्तरीक आम्दानी रु. १२९३२९७७.६९ रहेकोमा दाखिला रु. १२४२९६७०.५६ मात्र भएकोले दाखिला गर्न बांकी रहेको रकम रु. ५०३३०७.०० श्रावण महिनाको १३ गते मात्र बैंक दाखिला गरेको देखिएकोले समयमै दाखिला गर्ने तर्फ सम्बन्धित पक्षको ध्यान जानुपर्दछ । नगद प्राप्त हुने रकम दैनिक रुपमा दाखिला गर्नुपर्ने व्यवस्था छ । नगरपालिकालाइ २०७७।४।१ देखी ०७७।४।८ सम्ममा प्राप्त रकम रु. ३९८९९६।०० मिति २०७७।४।८ मा रु. ४६६६६।५६ मात्र दाखिला भएको बांकी २०७७।४।२० मा दाखिला गरेको छ । त्यस्तै भाद्र महिनामा उठेको रकम रु.३४६४३९।०० र असोज १ देखी १४ सम्मको रु.२३१४७९।०० समेत रु.५७७९१८।०० मिति २०७७।६।१४ मा दाखिला गरेको छ। • राजश्व आम्दानीको दैनिक रसिद वाइज प्रविष्टि अभिलेख राखेको छैन । • आम्दानी र दाखिलाको गोश्वारा भौचर उठाउने गरेको छैन ।	
	उपभोक्ता समितिमार्फत निर्माण	
२५.	**उपभोक्ता समिति दर्ता** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउने व्यवस्था छ । संस्था दर्ता ऐन २०३४ को दफा ३ मा कुनैपनि संस्था विधानसहित दर्ता नभएमा कानूनी मान्यता दिन मिल्ने देखिदैन । नगरपालिकाले यो बर्ष विभिन्न २४५ उपभोक्ता समितिसँग सम्झौता गरी कार्य गराई रु. ११,४०,३१,०००।०० भुक्तानी गरेकोमा यसरी कार्य गर्न गठन भएका उपभोक्ता समिति ऐनको उक्त व्यवस्थाअनुसार दर्ता भएको पाइएन । त्यस्ता समितिहरु स्थानीय स्तरमा सञ्चालित आयोजनाको निर्माण गर्न अस्थायी रुपमा गठन हुने र कार्य सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण कार्य सम्पन्न भएका आयोजना सञ्चालन तथा मर्मत सम्भारमा ती समितिलाई जिम्मेवार बनाउन कठिनाइ हुने र त्यस्ता समितिहरुले आयव्ययको लेखापरीक्षणसमेत नगराउने भएकोले स्थायी संयन्त्रमार्फत् काम गर्ने, गराउने गरी सुधार हुनुपर्दछ ।	
२६.	**योजना हस्तान्तरणः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१३) मा उपभोक्ता वा लाभग्राही समुदाय मार्फत निर्माण सम्पन्न योजना निर्माण सम्पन्न भएपश्चात्त आयोजनाको स्वामित्व सोही समितिलाई हस्तान्तरण गर्नुपर्ने व्यवस्था रहेको, कार्यालयले सो बमोजिम योजना हस्तान्तरण गरेको पाईएन । योजना हस्तान्तरण नहुँदा सोको रेखदेख, मर्मतको जिम्मेवारी समेत कार्यालयलमा रही थप व्ययभार थपिन जाने देखिन्छ ।	
२७.	**निर्माण कार्यको गुणस्तरः** सार्वजनिक खरिद नियमावलीको नियम १११(१ङ) अनुसार सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वियन गर्दा गुणस्तर पक्षको निरिक्षण र परीक्षण गर्नुपर्दछ । कार्यालयले उपभोक्ता समिति मार्फत् निर्माण/कार्यान्वयन गराइएका योजनाको दिगोपनाका लागि सम्बन्धित उपभोक्ता समिति मार्फत गुणस्तर परीक्षणको आवश्यक व्यवस्था गर्नुपर्दछ ।कार्यालयले निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न विभिन्न निर्माण सामग्रीको प्रयोगशाला परीक्षण गर्ने/गराउने, ढुङ्गा र सिमेन्टको गाह्रो लगाउने तथा ढलानको कार्यको गुणस्तरका लागि प्रयोग हुने ग्यावियन तार, सिमेण्ट, मोर्टार तथा कंक्रिट क्यूब टेष्ट जस्ता कार्य गराएको पाइएन।यसले गर्दा निर्माण कार्यमा आवश्यक गुणस्तर कायम भएको सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था छैन। अतः नियमावली तथा सम्झौतामा उल्लेख भए अनुसार निर्माण कार्यको गुणस्तर सुनिश्चित गर्न गुणस्तर परिक्षणलाई अनिवार्य गर्नु पर्दछ ।	

कार्यालय र स्थानः साँफेबगर नगरपालिका **आ.व. २०७७।७८**

<table>
<tr><th>दफा</th><th>भौ.नं, मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td>२८.</td><td>बीमा गराउनुपर्नेः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२(१) मा दश लाख रुपैयाँभन्दा बढीको निर्माण कार्यमा निर्माण व्यवसायीले तोकिएको कुराको बिमा गराउनुपर्ने व्यवस्था रहेको छ । कार्यालयद्वारा संचालित दश लाख माथिका अधिकाँश निर्माण कार्यको सम्झौतामा बिमाको व्यवस्था गरेको छैन भने सम्झौतामा बिमाको व्यवस्था भएतापनि निर्माण व्यवसायीले बिमा गरेको प्रमाण पेश भएका छैनन् । निर्माण कार्यमा हुनसक्ने सम्भाव्य दुर्घटनाबाट हुन सक्ने क्षति न्यूनीकरणका लागथि अनिवार्य रुपमा संरचनाको विमा गरेर नियमावलीको व्यवस्था पालना गरिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>२९.</td><td>सार्वजनिक लेखापरीक्षण : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समिति मार्फत घ (३) गरेको कार्यको निर्माण सम्झौतामा सम्पन्न निर्माण कार्यको सञ्चालन र मर्मत संभार उपभोक्ता समिति वा लाभग्राही समुदायले गर्नुपर्ने व्यवस्था समावेश गर्नुपर्ने प्रावधान रहेकोमा नगरपालिकाले उपभोक्ता समितिसँग गरेको अधिकांश सम्झौतामा उक्त व्यहोरा समावेश गरेको देखिएन ।साथै नियम ९७ मा उपभोक्ता समितिले प्रत्येक किस्तामा (७) गरेको काम तथा खर्चको सूचना सार्वजनिक स्थानमा टाँस गर्नुपर्ने र काम कारबाहीको सम्बन्धमा सार्वजनिक लेखापरीक्षण गर्नुपर्ने व्यवस्था रहेकोमा उक्त व्यवस्था अनुसार अधिकांश योजनाहरुमा सार्वजनिक लेखापरीक्षण गरेको देखिएन उपभोक्ता समितिले गरेको कार्यको पारदर्शिता वृद्धि गर्ने उक्त प्रावधानको पूर्णतः पालना गर्नुपर्ने देखिएको छ ।</td><td></td></tr>
<tr><td>३०.</td><td>अग्रीम कर- आयकर ऐन, २०५८ को दफा ८९ अनुसार उपभोक्ता समितिबाट काम गराउने गरी गरिएको पचास लाख रुपैंया भन्दा वढी भुक्तानी रकममा एक दशमलव पांच प्रतिशतका दरले अग्रिम कर गर्नुपर्ने व्यवस्था छ ।यस वर्ष कार्यालयले मल्लो वगड तटवन्ध निर्माण कार्य गराइ रु.५१९८१३७.९२ खर्च लेखेकोमा भुक्तानी रकममा १.५ प्रतिशत अग्रिम कर रु.७७९७२.०० कट्टा गर्नुपर्नेमा रु.१४४११.०० मात्र कट्टा गरेकोले घटी कट्टा गरेको रकम असूल गर्नुपर्ने रु.</td><td>६३,५६१.००</td></tr>
<tr><td>३१.</td><td>मल्लोवगड तटवन्धन निर्माण कार्य- प्रदेश सरकारवाट रु. ४००००००.०० रकम प्राप्त भएकोले सो योजनाको (जनश्रमदान रु.११९७४५९.५२) समेत रु. ५०३७४५७.५२ को सम्झौता गरी कार्य गरेको र सोही योजनामा कोभिड १९ लगायत विभिन्न महामारीजन्य रोगहरुको रोकथाम नियन्त्रण (विपद व्यवस्थापन कोष) वाट रु. १००००००.०० बजेट राखी (जनश्रमदान रु.३५४४३२.५७) समेत रु. १३१४४३२.५७ को अलग अलग लागत अनुमान तयार गरी एउटै उपभोक्ता समितिमार्फत २०७८।३।२० निर्माण सम्पन्न गर्ने गरी निर्माण सम्पन्न भएकोमा निम्नानुसार भएको देखियो ।
क. कोभिड १९ लगायत विभिन्न महामारीजन्य रोगहरुको रोकथाम नियन्त्रण (विपद व्यवस्थापन कोष) वाट रु.१००००००.०० बजेट व्यवस्था भएकोमा नगरसभाबाट कार्यक्रम स्विकृत नगरी खर्च भएको नियमित देखिएन ।
ख. ग्यावियन जाली ३*१.५*.७५ साइजको ४११ थानको प्रति थान लागत अनुमान २० के. जी. का दरले ८२२० के. जी. खरिद गर्नुपर्नेमा न्यू शैलेश्वरी सप्लायर्सवाट ८०४३ के. जी. र कुंवर जनरल स्टोर एण्ड अर्डर सप्लायर्सवाट ११६० के. जी. समेत कूल ९२०३ के. जी. खरिद गरेकोले लागत अनुमान भन्दा ९८३ के. जी. वढी खरिद गरेकोले प्रति के. जी. मूल्य अभिवृद्धि कर समेत रु.१४७.८० ले रु.१४५२९१.०० बढी खर्च लेखेको रकम असूल गर्नुपर्ने रु.</td><td>१,४५,२८७.४०</td></tr>
<tr><td>३२.</td><td>प्राविधिक मुल्यांकन - किमतोली खानेपानी निर्माण कार्यको लागत अनुमान रु.११०९६१४.९३ मा निर्माण कार्य गर्ने गरी उपभोक्ता समितिसंग ०७८।१।२६ मा सम्पन्न गर्ने गरी सम्झौता भएकोमा लागत अनुमानमा एच. डि. पी. पाइप ३०४५ मीटरको रु. २०५५०७.२६ भएकोमा खरिद तथा कार्य सम्पन्न प्रतिवेदन अनुसार ३६९५ मिटरमात्र कार्य भएकोले ६५० मिटरको वढी परिमाण खरिद भएको पाइपको जडान भएको मुल्यांकन र कार्यसम्पादन प्रतिवेदन पेश गर्नुपर्ने रु.
<table>
<tr><th colspan="4">लागत अनुमान</th><th colspan="2">खरिद परिमाण</th></tr>
<tr><th>विवरण</th><th>परिमाण मिटर</th><th>दर</th><th>रकम</th><th>परिमाण</th><th>रकम</th></tr>
<tr><td>ए.डि.पि पाइप ४० एम.एम</td><td>५०</td><td>११०.९७</td><td>५५४८.५१</td><td>५०</td><td>५५४८.५१</td></tr>
<tr><td>ए.डि.पि पाइप ३२ एम.एम</td><td>१०७०</td><td>७१.६६</td><td>७६६७०.८८</td><td>१७२०</td><td>१२३२४७.६५</td></tr>
<tr><td>ए.डि.पि पाइप २५ एम.एम</td><td>१९२५</td><td>६४.०५</td><td>१२३२८७.८७</td><td>१९२५</td><td>१२३२८७.८७</td></tr>
<tr><td>जम्मा</td><td>३०४५</td><td></td><td>२०५५०७.२६</td><td>३६९५</td><td>२५२०८४.03</td></tr>
</table></td><td>२,५२,०८४.०३</td></tr>
<tr><td></td><td>संघीय सरकारबाट हस्तान्तरित सशर्त पूँजीगततर्फ</td><td></td></tr>
<tr><td>३३.</td><td>गुणस्तर परीक्षण - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५ मा सार्वजनिक निकायले आपूर्ति गरिएका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेसिफिकेशन र गुणस्तर बमोजिम भए नभएको परिक्षण गराउनु पर्ने</td><td></td></tr>
</table>

दफा	भौ.नं., मिति र व्यहोरा	बेरुजू रकम
	व्यवस्था छ । वडा तहसम्म डिभाइस नेटवर्किङ्ग गर्ने कार्यको व्यवसायी खेमाज मल्टी विजनेश एण्ड सप्लायर्स, अछामसँग २०७७।१२।३० सम्ममा काम सम्पन्न गर्ने गरी मिति २०७७।८।७ मा रु. १४४९९०३।०० (मु.अ.कर सहित) को सम्झौता गरेको पाईयो । कार्यालयले उक्त नेटवर्किङ्गको लागि खरिद गरिएका राउटर, नेटवर्क स्वीच, मोडियम आदी सामानको स्पेसिफिकेशन बमोजिम भए नभएको गुणस्तर परिक्षण गराएको देखिएन ।	
३४.	**प्राविधिक मुल्यांकन** - नगरपालिकाले नमुना विद्यालय गुरुयोजना कार्यको लागि सूर्यचन्द्र मा. वि. लाई रु. १,००,००,०००.०० निकासा दिएको छ । कार्यक्रम कार्यान्वयन निर्देशिका २०७७/७८ मा विद्यालयको स्वीकृत गुरुयोजनाले तोकेको क्षेत्रमा विद्यालय भौतिक निर्माण कार्यमा खर्च गर्ने प्रयोजनको लागि निकासा दिने, भौतिक निर्माण कार्य गर्दा सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम कार्य प्रगतिका आधारमा रकम निकासा दिनुपर्ने व्यवस्था छ ।कार्यालयले उपरोक्त व्यवस्थाअनुसार कार्य प्रगतिका आधारमा निकासा दिनुपर्नेमा आर्थिक वर्षको अन्त्यमा एकमुष्ठ निकासा दिएको पाईयो । विद्यालयको गुरुयोजना बमोजिम भएको कार्यको विल भरपाई सहितको प्राविधक मुल्यांकन कार्य सम्पन्न प्रतिवेदन पेश हुनुपर्ने रु.	१,००,००,०००.०
३५.	**कार्यसम्पन्न प्रतिवेदन** : स्वीकृत वार्षिक कार्यक्रम बमोजिम विद्यायलको भौतिक पूर्वाधार निर्माण तर्फको रकम सम्झौता बमोजिम कामको आधारमा निकासा दिनुपर्दछ । नगरपालिकाले देहायका विद्यालयहरुलाई कार्यसम्पन्न भए पश्चात मात्र अन्तिम किस्ता दिनुपर्नेमा कार्यसम्पन्न नहुँदै पुरै रकम निकासा दिएको छ । निर्देशिका बमोजिम आर्थिक वर्ष भित्र कार्यसम्पन्न गर्ने गरी रकम निकासा गर्नुपर्दछ । आर्थिक वर्षको अन्तमा कार्यसम्पन्न नभएका विद्यालयलाई गएको निकासा रकम रु. २,३५,५०,०००.०० को प्राविधिक मुल्यांकन सहित कार्य सम्पन्न पेश गर्नुपर्ने रु.	२,३५,५०,०००.००

विद्यालय	विवरण	रकम
सूर्यचन्द्र मा. वि.	कक्षा कोठा निर्माण	१८०००००
प्रभा धम्कोट मा. वि.	शिक्षामा नविनतम प्रविधि	६५००००
जनकल्याण मा. वि.	कक्षा कोठा निर्माण	१८०००००
घुघुरकोट मा. वि.	खानेपानी सहितको शौचालय निर्माण	१८०००००
कालिका प्रा. वि.	खानेपानी सहितको शौचालय निर्माण	७०००००
राष्ट्रिय मा. वि.	खानेपानी सहितको शौचालय निर्माण	७०००००
पिपलपार्क प्रा. वि.	कक्षा कोठा निर्माण	७०००००
सूर्यचन्द्र मा. वि.	शौचालय निर्माण	१८०००००
हिमालय मा. वि.	४ कोठे भवन निर्माण	७०००००
जाल्पादेवी प्रा. वि.	४ कोठे भवन निर्माण	३६०००००
चन्द्रोदय प्रा. वि.	शौचालय निर्माण	३६०००००
घुघुरकोट मा. वि.	४ कोठे भवन निर्माण	७०००००
हंशवाहिनी मा. वि.	शौचालय निर्माण	३६०००००
सरस्वती प्रा. वि.	शौचालय निर्माण	७०००००
भगवती आ. वि.	कक्षा कोठा निर्माण	७०००००
		१८०००००
	जम्मा	२,३५,५०,०००

दफा	भौ.नं., मिति र व्यहोरा	बेरुजू रकम
३६.	**बढी व्ययभारः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको काम दिँदा लागत अनुमानमा रहेको मूल्य अभिवृद्धि कर, ओभरहेड कन्टेन्जेन्सी रकम र जनसहभागिताको अंश कट्टा गरेरमात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ । उपभोक्ता समितिलाई मूल्य अभिवृद्धि करको रकम भुक्तानी दिँदा दर विश्लेषण हुँदा जति मूल्य कायम गरी दर विश्लेषण भएको हो सोही मूल्य अनुसारको सामान खरिद गरेको अवस्थामामात्र उपभोक्ता समितिलाई मूल्य अभिवृद्धि कर भुक्तानी दिन मिल्दछ । कार्यालयले दर विश्लेषण गरेको भन्दा उपभोक्ता समितिले घटी मूल्यमा सिमेन्ट, छड खरिद गरी ल्याएकोमा पनि दर विश्लेषण कै मुल्य कायम गरी नापी मूल्याङ्कन गरी भुक्तानी दिएको पाईयो । कार्यालयले खरिद मूल्य भन्दा बढीको दरले भुक्तानी दिएकोले बढी रु. ६,७५,२२३।०० व्ययभार पारेको देखिएको छ । यस्तो कार्यमा सुधार गर्नुपर्दछ ।	

गो. भा. न. र मिति	योजनाको नाम	सामानको नाम	भुक्तानी गरेको दर	खरिद दर	फरक दर	सामानको परिमाण	व्ययभार परेको रकम
१९।०७८।३।२७	विष्णु मूर्ति तथा पोखरी निर्माण कार्य	सिमेण्ट	१२४०	९६०	२८०	२०० बोरा	५६०००
		छड	१०७	९८	९	३०० के जी	२७००
१६।०७८।३।२९	बेतालमाण्डौं सडक स्तरोन्नती कार्य	छड	१०७	९९	८	८७८ के जी	७०२४
		सिमेण्ट	१२४०	९६०	२८०	११५ बोरा	३२२००
१७।०७८।३।२९	बेतालमाण्डौं मा. वि. भवन निर्माण कार्य	सिमेण्ट	१२४०	९१५	३२५	१०० बोरा	३२५००
		छड	१०७	९७	१०	३६०० के जी	३६०००

दफा	भौ.नं, मिति र ब्यहोरा							बेरुजू रकम
			सिमेन्ट	१२४०	९६१	२७९	३७५ बोरा	१०४६२५
	१८।०७८।३।२९	कालाआम खानेपानी निर्माण कार्य	सिमेण्ट	१२४०	९६०	२८०	२०० बोरा	५६०००
			छड	१०७	९६	११	११०० के जी	१२१००
		हिमालय मा. वि. घेरा पर्खाल निर्माण कार्य	सिमेण्ट	११९४	९६०	२३४	३३० बोरा	७७२२०
	४।०७८।३।२२	देवीस्थान स्वस्थ्यचौकी निर्माण	सिमेन्ट	१२४०	१०१७	२२३	४३५ बोरा	९७००५
			छड	१०७	९८.३१	८.६९	३०५० केजी	२६५०५
	८।०७८।२।२७	अमाली सिंचाइ कुलो निर्माण	सिमेन्ट	१२४०	१०५३.५५	१८३.४५	३०० बोरा	५००३
			छड	१०७	१०२.८३	१५३५	४०१७ केजी	६४०१
	१०।०७८।२।३०	काल भैरव माझेपिपल चौतारी	सिमेन्ट	१२४०	१०५०.९०	१८९.१०	१२५ बोरा	२३६३७.५०
	१६।०७८।२।३०	वडा कार्यलय भवन निर्माण	सिमेन्ट	१२४०	११८६.५०	५३.५०	३८४ बोरा	२०५४४
			छड	१०७	१०२.८३	४.१७	१२१० केजी	५०४५.७०
			छड	१०७	९९.४४	७.५६	३०२७ केजी	२२८८४.१२
	१८।०७८।३।४	डांडा कुलो सिंचाइ योजना	सिमेन्ट	१२४०	११.९४	४५.५९	२८० बोरा	१२७६५.२०
			छड	१०७	१०२.८३	४.१७	१९०० केजी	७९२३
	२२।०७८।३।१५	किमतोली खानेपानी योजना	सिमेन्ट	१२४०	११८६.५०	५३.५०	१०९ बोरा	५८३१.५०
	३०।०७८।३।२२	शोडषादेवी मन्दिर निर्माण	सिमेन्ट	१२४०	१०७३.५०	१६६.५०	१०५ बोरा	१७४८२.५०
	३५।०७८।३।२३	रसकांडा पुडेसैनी सिंचाइ कुलो	सिमेन्ट	१२४०	९६०	२७९.५०	२८ बोरा	७८२६
							जम्मा	६७५२२३.०

३७. **अधुरो संरचना निर्माणः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम (३क) मा सार्वजनिक निकायले खरिद कारबाहीको तयारी गर्दा खरिदको आवश्यकता पहिचान गरी पूर्ण खरीद प्रकृया अवलम्बन गरी खरिद कार्य स्वीकृति गर्नुपर्ने व्यवस्था उल्लेख छ । कार्यालयले देहायको संरचना निर्माणका लागि भुक्तानी गरेको रकमको संलग्न फाँटवारी अनुसार आंशिक संरचना निर्माणको मात्र सम्झौता भई सोही अनुसार कार्यसम्पन्न पेश भएको छ। संरचना निर्माणको स्रोत समेत सुनिश्चित नभएको अवस्थामा, केही अंशमात्र निर्माण गरेर छोड्ने र अधुरो संरचना खडा गरी उपयोगहिन अवस्था श्रृजना भई सरकारी श्रोत साधनको नोक्सानी हुने अवस्था विद्यमान रहेको छ । आंशिक संरचनामात्र निर्माणमा न्यून बजेट बिनियोजन गरी अधुरा अपुरा संरचना निर्माण गरी रकम भुक्तानी भएको देखिएको छ ।उक्त अधुरा योजनाहरु सम्पन्न गर्ने तर्फ कार्यालयले ध्यान दिनुपर्दछ ।

योजनाको नाम	विनियोजित रकम	भुक्तानी रकम
बैजनाथधाम संग्राहलय भवन निर्माण	२५०००००	२५०००००
सेफ हाउस निर्माण	६४००००	६४००००
नौलाकोट गोलीगाँउ खानेपानी निर्माण	११०००००	५०१४३९
नौलाकोट गोलीगाँउ सिध्देश्वर डिप बोरिङ्ग निर्माण	३१०००००	२११३३३०
रसकाडा पुडेसेन सिंचाई कुलो निर्माण	६०००००	५६०४६१
प्रभा धम्कोट मा. वि. खानेपानी योजना निर्माण	८०००००	८०००००
पातालकोट वडा कार्यालय भवन निर्माण	३५०००००	३५०००००

स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम

३८. **फर्मवर्क बापत बढी भुक्तानीः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम मा अनुसूची १ बमोजिमको ढाँचामा आईटम दररेट हिसाब गरेर, लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ।अनुसूची १ अनुसार आईटम दररेट राख्दा श्रमिकहरुको खर्च निर्माण सामग्री र उपकरण खर्च राखी, उक्त आईटमको दररेट निकाल्नु पर्दछ।कार्यालयले देहायका निर्माणमा उपभोक्ता समितिलाई फर्मवर्कबापत रकम भुक्तानी गरेकोमा, फर्मवर्कको लागी प्रयोग हुने काठको मूल्यमा नर्म्स अनुसार ६ पटकसम्म पुन प्रयोग गर्न मिल्नेमा, काठको ३ पटकको रकम भुक्तानी भएकोले, पुनः प्रयोग बापत रकम कट्टि नगरी बढी भुक्तानी भएको रु.१,८९,३२४.२७ सम्बन्धित उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रु. १,८९,३२४.२७

भौ.नं/मिति	योजनाको नाम	फर्मवर्क परिमाण m^2	बढी भुक्तानी दर	बढी भुक्तानी रकम
५।०७८।३।१३	मानवस्ता सिंचाइ कुलो निर्माण	२४०	२७१।०७	६५०५६।८०
१५।०७८।३।२९	बैजनाथधाम संग्राहलय भवन निर्माण	२०४.०९	१६२।७६	३३२१७।७०
१५।०७८।९।१९	वेतालमाण्डौ मा.वी.,अधुरो भवन निर्माण योजना	२१३.४१	२१०	४४८१६।१०
१७।०७७।९।१९	बैद्यनाथ अधुरो खानेपानी ट्याङकि	४३.८०	२१०	९१९८।०
२३।०७७।९।१९	सिसमपानी अधुरो पोखरी निर्माण योजना	९८.२९	३७६।८	३७०३५।६७
			जम्मा	१,८९,३२४.२७

३९. **हेभी इक्विपमेण्टको प्रयोगः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम

लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । नगरपालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई नगरपालिकाबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरु यसप्रकार रहेका छनः

उपभोक्ता समितिको नाम	कामको विवरण	भुक्तानी रकम
बाव्ला खेल मैदान निर्माण	खेल मैदान निर्माण	९६००००।००
बेतालमाण्डौं सडक स्तरोन्नती कार्य	सडक निर्माण	१४४००००।००
नौलाकोट गोलीगाँउ सिध्देश्वर डिप बोरिङ्ग निर्माण	डिप बोरिङ्ग निर्माण	२११३३३०।००

४०. **जटिल संरचना निर्माणः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । नगरपालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, ओभरहेड टंकी, निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत् गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् :

योजनाको नाम	विनियोजित रकम	भुक्तानी रकम
बैजनाथधाम संग्राहलय भवन निर्माण	२५०००००	२५०००००
सेफ हाउस निर्माण	६४००००	६४००००
नौलाकोट गोलीगाँउ खानेपानी निर्माण	११०००००	५०१४३९
नौलाकोट गोलीगाँउ सिध्देश्वर डिप बोरिङ्ग निर्माण	३१०००००	२११३३३०
रसकाडा पुडेसेन सिंचाई कुलो निर्माण	६०००००	५६०४६१
प्रभा धम्कोट मा. वि. खानेपानी योजना निर्माण	८०००००	८०००००
पातालकोट वडा कार्यालय भवन निर्माण	३५०००००	३५०००००

नियमावलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ ।

४१. **कर समायोजनः** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८(१) मा करदाताले प्रत्येक महिनाको विवरण सो महिना समाप्त भएको २५ दिनभित्र पेश गर्नुपर्ने र भुक्तानी दिनेले समेत भुक्तानीको विवरण सम्बन्धित आन्तरिक राजस्व कार्यालयलाई दिनुपर्ने व्यवस्था छ। मूल्य अभिवृद्धि करसमेत भुक्तानी लिएको निर्माण व्यबसायीले बुझाउनु पर्ने कर विवरण तथा कर रकम बुझाएको प्रमाण नदेखिएकोले मूल्य अभिबृद्धि कर रु.५,५८,१६३.२८ समायोजन भएको प्रमाण पेश हुनुपर्दछ रु. ५,५८,१६३.२८

गो भौ र मिति	फर्मको नाम	भुक्तानी रकम	मु अ कर रकम	नन् फाइलर अवधि
४०९।०७८।३।२१	नेपाल हाईड्रो कन्स्ट्रक्सन कम्पनी प्रा. लि., भक्तपुर ६०३५०२४९७	२११३३३०।००	२४३१२६।००	२०७६ पौष
१३।०७८।३।२८	एन्जिला ट्रेड एण्ड सप्लायर्स अछाम ६०२०७२८५०	४९८०००।००	५७२९२।००	२०७७ फागुन
९६५।०७८।२।१३	चिरन्जिवी ट्रेडर्स ३००९४८२४०	३५३८७८।०	४६००४।१४	२०७७ कार्तिक
१०७५।०७८।२।२८	एन्जिला ट्रेड एण्ड सप्लायर्स अछाम ६०२०७२८५०	१८३४५०।०	२३८४८।५०	२०७७ फागुन
६।०७८।३।२७	पि.एम.कन्स्ट्रक्सन मु.अ.करमा दर्ता नभएको ६०६९३१८८३	९२१६२४।६१	१०६०२७.६१	दर्ता नदेखिएको ।
२६।०७८।३।१५	पि.एम.कन्स्ट्रक्सन मु.अ.करमा दर्ता नभएको ६०६९३१८८३	७११५९६।०३	८१८६५।०३	दर्ता नदेखिएको ।
		जम्माः	५,५८,१६३.२८	

४२. **खरिद कारवाही अभिलेख —** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९(१) अनुसार सार्वजनिक निकायले हरेक खरिद कारवाहीको निम्ति छुट्टै फाइल खडा गरी राख्नु पर्ने र उपनियम(२) बमोजिम फाइलमा अन्य कागजातका अतिरिक्त सम्झौता फाइलको पञ्जिका, बोलपत्र वा पूर्वयोग्यताको लागि आव्हान गरिएको सूचना, बोलपत्र, पूर्वयोग्यता वा प्रस्ताव आव्हान सम्बन्धी कागजात, प्रस्तावदाताहरुलाई पठाएको जवाफ, बैठकको माइन्यूट, बोलपत्रको मूलप्रति, पूर्वयोग्य भएका बोलपत्रदाताको योग्यता, मूल्यांकन प्रतिवेदन, सफल बोलपत्रदातालाई पठाएको स्वीकृतिको प्रारम्भिक सूचनाको प्रतिलिपि, असफल बोलपत्रदाताहरुलाई पठाएको सूचनाको प्रतिलिपि, खरिद सम्बन्धी प्रकाशित सूचनाहरु, खरिद सम्झौता, प्रगति प्रतिवेदन, इन्भ्वाइस र निरीक्षण प्रतिवेदन, खरिद सम्झौतामा संशोधन गरिएको भए सो सम्बन्धी कागजात, मालसामान प्राप्ति, निरीक्षण र स्वीकृति लगायतको कागजात, मूल्यांकन प्रतिवेदन, म्याद थप गरेकोमा म्याद थप भएको निर्णय र म्याद थप दिएको पत्र र सोसँग सम्बन्धित सम्पूर्ण कागजात लगायतको विवरण क्रमवद्ध रुपमा राख्नुपर्ने व्यवस्था छ। कार्यालयले खरिदसँग सम्बन्धित कागजातहरु अलग अलग फाइलमा राख्ने गरेको, लेखापरीक्षणले माग गरेको खरिद सम्बन्धी सम्पूर्ण विवरणहरु प्राप्त हुन नसकेको अवस्था छ । नियमावलीले तोके अनुसार सम्पूर्ण कागजातहरु सिलसिलेवार रुपमा एउटै फाईलमा राखी पञ्जिका समेत तयार गर्नुपर्ने देखिन्छ।

नगरपालिका पूँजीगत

दफा	भौ.नं, मिति र व्यहोरा	बेरुजू रकम
४३.	**सवारी साधन खरिद** - अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार नगरपालिकाले नेपाल सरकारबाट विनियोजन बजेटबाट ३ थान मोटर साइकल खरिद गरी रु. ७,०४,९००।०० खर्च गरेको छ।	
४४.	**वढी भुक्तानीः** जिल्जा प्रशासन कार्यालय अछामबाट प्रकाशित आर्थिक वर्ष २०७७।७८ को जिल्लादररेटमा Hydraulic excavator को प्रति घण्टा रु. ३५७०.०० निर्धारण गरिएको छ । उक्त दरमा Ownership charges, operation charges (fuel) component, crew component, maintennance component समावेश हुने उल्लेख छ। सो अनुरुप गरिएको दर विश्लेषणमा कार्यालयले Unskilled labour, Helper, operator, lubricant, fuel cost समावेश नगरी दर विश्लेषण गर्नुपर्नेमा उल्लेखित आइटम समेत समावेश गरी दर विश्लेषण गरी सोही वमोजिम प्रति घ.मी को दर निर्धारण गरेको कारणले विभिन्न उपभोक्ता समितिलाइ देहाय वमोजिम वढी भुक्तानी भएको छ । वढी भुक्तानी भएको रकम रु. १६,४८,४६६.४४ असुल गर्नुपर्ने रु.	१६,४८,४६६.४४

क्र स	योजनाको नाम	कटिङ्गको बिबरण	परिमाण	लिनुपर्ने स्थानीय दर रेट	लिएको दर रेट	बढी भुक्तानी दर	बढी भुक्तानी
१	खालि बस्काटिया सडक स्तर उन्नति	Soft Soil	८८१२.४७	४५.२९	६७.१३	२१.८४	१९२४६४.३४
		Hard Soil	४९४.७३	६७.०४	२०१.३८	१३४.३४	६६४६२.०३
२	बुढाबगर बद्देखेत वडा कार्यालय हुदै खसड जडिबुटी मार्ग	Soft Soil	८३२८.७५	४५.२९	६७.१३	२१.८४	१८१८९९.९०
		hard Soil	१२३.९	६७.०४	१७८३.७५	१७१६.७	२१२७००.३७
३	जाजर गाउ खाद सडक	Soft Soil	६२८२.४८	४५.२९	६७.१३	२१.८४	१३७२०९.३६
४	तुनिख्खा अयार्पानी ग्रामिण सडक	Soft Soil	१८३०५.४९	४५.२९	६७.१३	२१.८४	३९९७९४.०९
५	ठाटी बेतालमान्डौ सडक स्तरुन्नती	Soft Soil	९१४८.०३	४५.२९	६७.१३	२१.८४	१९९७९२.९८
		hard soil	३५१.१७	६७.०४	२०१.३८	१३४.३४	४७१७६.१८
६	भाटवाडा कालिका सडक	Soft Soil	३००९.२५	४५.२९	६७.१३	२१.८४	६५७२२.०२
७	भाटवाडा सडक	Soft Soil	३०५०	४५.२९	६७.१३	२१.८४	६६६१२.००
८	मालिकापाल देखि देउली खाद सम्म सडक	Soft Soil	३६००.४२	४५.२९	६७.१३	२१.८४	७८६३३.१७
					जम्मा		१६४८४६६.४४

संघिय चालु

दफा	भौ.नं, मिति र व्यहोरा	बेरुजू रकम
४५.	**भ्रमण अवधिमा स्थानीय भत्ता भुक्तानीः** भ्रमण खर्च नियमावलि,२०६४ को नियम ७(११) मा सरकारी कामको सिलसिलामा भ्रमणमा रही दैनिक भंमण भत्ता उपभोग गर्ने पदाधिकारी वा कर्मचारीले दैनिक भत्ता उपभोग गरेको अवधिभर फिल्ड भत्ता, बैठिक भत्ता, तालिम भत्ता, स्थानिय भत्ता वा अन्य कुनै किसिमको भत्ता नपाउने व्यवस्था रहेको छ ।कार्यालयबाट विभिन्न समयमा देहाय बमोजिमका कर्मचारीहरुको भ्रमणमा स्थानिय भत्ता नकाटिएको रकम रु. ९८४०/- सम्बन्धितबाट असुल गर्नुपर्ने रु.	९८४०/-

गो.भौ.नं./मिति	कर्मचारीको नाम	भ्रमण अवधि	भुक्तानी गर्नुपर्ने	भुक्तानी भएको रकम	असुल गर्नुपर्ने
२/२०७७-६-१८	हे.अ. नैराम भुषाल	२.२५ दिन	१२००x२.२५	१३२०x२.२५	२७०.००
	हे.अ. नरेश रावत	२.२५ दिन	१२००x२.२५	१३२०x२.२५	२७०.००
	हे.अ. शिव कुमार चौधरी	२.२५ दिन	१२००x२.२५	१३२०x२.२५	२७०.००
	हे.अ. हिमालय जोशी	२.२५ दिन	१२००x२.२५	१३२०x२.२५	२७०.००
	क्षे.कु.अ.देव जोशी	२.२५ दिन	१६००x२.२५	१७६०x२.२५	३६०.००
३४६/२०७८-३-२८	नि.प्र.प्र.अ. लक्ष्मी प्रसाद शर्मा	३.२५ दिन	१६००x३.२५	१७६०x३.२५	५२०.००
	स्वा. शा.प्र. पुष्प बहादुर बुढा	१६.७५ दिन	१६००x१६.७५	१७६०x१६.७५	२६८०.००
	ज.स्वा.नि. लक्ष्मण नाथ योगी	१३.७५ दिन	१६००x१३.७५	१७६०x१३.७५	२२००.००
	क्षे.कु.नि.देव दत्त जोशी	५.२५ दिन	१६००x५.२५	१७६०x५.२५	८४०.००
	ज.स्वा.नि. लक्ष्मण नाथ योगी	३.२५ दिन	१६००x३.२५	१७६०x३.२५	५२०.००
	हे.अ. हिमालय जोशी	१०.५० दिन	१६००x१०.५	१७६०x१०.२५	१६४०.००

दफा	भौ.नं, मिति र व्यहोरा	बेरुजू रकम
	जम्मा ९८४०.००	
	अन्य वार्डमा बढी भुक्तानी भएको रकम तहाँबाट यकिन गरी असुल गरिनु पर्दछ ।	
४६.	**सामाजिक सुरक्षा करः** आयकर ऐन, २०५८ को दफा ८७ अनुसार सामाजिक सुरक्षा कर १% कट्टा गर्नुपर्नेमा कार्यालयले विभिन्न ५५ जना कर्मचारीको पारिश्रमिक रु. ९४५०२२३।- (सञ्चय कोष नागरिक लगानी कोष समेत) भुक्तानी गरेकोमा सा. सु. कर वापत रु. ८०६८३।- कट्टा गर्नुपर्नेमा रु. ५९४८८।- कट्टा गरेकोले नपुग रकम रु. २१२३५।- असुल गर्नुपर्ने	२१२३५/-
४७.	**कोरोना जोखिमभत्ताः** नगरपालिकाले स्वास्थ्य तर्फका ८९ जना कर्मचारीहरुलाई कोरोना जोखिमभत्ता रु ५२५२०२६/- भुक्तानी खर्च गरेकोमा निम्न व्यहोरा देखियो । **क०** कोरोना संकटमा खटीएका कर्मचारीको यथार्थ विवरण नराखि समग्रमा सवै स्वास्थ्य कर्मचारीहरुलाई रकम उपलब्ध गराएको देखियो । **ख०** कर्मचारिलाई मासिक तलवको आधारमा १२० दिनको भत्ता दिने गरी रकम उपलब्ध गराएकोमा दिन किटानी गरी खटीने कर्मचारीको रेकर्ड राखेको देखिएन। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१(क) अनुसार सरकारी रकम खर्च गर्दा विनियोजन ऐन बमोजिम सेवा तथा अन्य कार्यमा खर्च गर्न विभिन्न शीर्षकमा स्वीकृत भएको रकम सो सेवा तथा अन्य कार्यको निमित्त स्वीकृत सीमाभित्र रहेको हुनुपर्ने तथा एकिकृत आर्थिक संकेत तथा बर्गिकरण र व्याख्या, २०७४ अनुसार जुन खर्च शिर्षकमा बजेट बिनियोजन भएको छ सोही शिषर्कमा खर्च लेख्नु पर्नेमा कार्यालयले नियम बिपरित शिर्षक नं. २११३० खर्च लेख्नुपर्नेमा शिर्षक नं. २११११ कोभिड भत्ता बापत रु ५२५२०२६/- खर्च लेखेको अनियमित देखिएको रु.	५२,५२,०२६/-
४८.	**औषधी खरिद** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । तर स्थानीय तहहरुले उक्त प्रक्रियावेगर रु ३०३७९०१/- का औषधि तथा सामाग्री सोझै खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः	
५०.१	खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको ।	
५०.२	आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, व्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको ।	
५०.३	आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।	
५०.४	औषधिको जिन्सी किताबमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको ।	
५०.५	औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको ।	
	तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।	
	शैक्षिक सुधार क्रियाकलापः	
४९.	**क)** शिक्षा कार्यक्रम कार्यान्वयन पुस्तिकाको ९.१३ मा व्यवस्था भएको नमुना विद्यालयको शैक्षिक तथा व्यवस्थापकीय योजना कार्यान्वयन अनुदान अन्तर्गत अनुसुचि ९ को खण्ड क र ख मा उल्लेखित विद्यालयलाई स्वीकृत गुरुयोजनामा उल्लेखित शैक्षिक सुधारका लागि पहिचान भएका कार्यक्रम मध्ये विज्ञान प्रयोगशाला ICT Lab पुस्तकालय व्यवस्था नभएका विद्यालयले सो व्यवस्था गर्न तथा नमुना विद्यालय व्यवस्थापन निर्देशिका २०७४ मा उल्लेखित शैक्षिक पूर्वाधारहरु छात्राबास व्यवस्थापन शैक्षिक सुशासनका न्यूनतम सर्त पुरा गर्ने कार्यक्रम तथा यस पूर्व भौतिक पूर्वाधार विकासका लागि विनियोजित बजेटको कार्य प्रगति सहित शैक्षिक कार्यक्रम कार्यान्वयनका लागि आवश्यक बजेट सहित प्रस्ताव विद्यालयले पेश गर्नुपर्ने गुरुयोजना र नमुना विद्यालय व्यवस्थापन निर्देशिका उल्लेखित शैक्षिक सुधारका	

दफा	भौ.नं, मिति र व्यहोरा	बेरुजू रकम

क्रियाकलापका आधारमा तत्कालीन रुपमा शैक्षिक सुधार हुने क्रियाकलाप तोकि स्थानीय तह र विद्यालय बीच सम्झौता गरी विद्यालयलाई रु ५० लाख अनुदान उपलब्ध गराइएकोमा विद्यालयले सम्झौता अनुरुप काम गरे नगरेको नियमित अनुगमन गरी कार्य प्रगति केन्द्रमा पेश गर्नुपर्नेमा कार्यालयले अनुगमन गरेको प्रतिवेदन पेश नभएकोले अनुदानको सही सदुपयोग भए नभएको अनुगमन गर्नुपर्दछ ।

ख) कोभिड-१९ का कारण उत्पन्न परिस्थितिमा सिकाई सहजिकरणका लागि शैक्षिक कार्यक्रम अन्तर्गत कार्यालयले तपशिलमा उल्लेखित कार्यक्रमका लागि निम्नानुसार ७२ विद्यालयलाई रकम रु ४९५९८७५/- उपलब्ध गराएकोमा कार्यक्रम कार्यान्वियन भए नभएको र कार्यक्रमको प्रभावकारिता र उपलब्ध रकमले शैक्षिक सुधारमा निर्दिष्ट उदेश्य अनुरुप कार्य गरे नगरेको अनुगमन नभएकोले अनुगमन सुपरिवक्षेण गरी सदुपयोगको सुनिश्चितता गरिनु पर्दछ।

कार्यक्रमको नाम	विद्यालय संख्या	उपलब्ध गराएको रकम
CUG सिम	४९	२३४१८७५।-
स्वास्थ सामाग्री	६५	२००६०००।-
आ. वि. नेट जडान	५१	६१२०००।-
	जम्मा	४९५९८७५।-

५०. **स्थानीय भत्ता** : भ्रमण खर्च निमावली, २०६४ को नियम ७ (९) अनुसार आफूखुशी निवेदन दिई काजमा खटिएको कर्मचारीले सो नियम बमोजिम सुविधा पाउने छैन भन्ने व्यवस्था भएकोमा कार्यालयले विगत ३ वर्ष देखि राष्ट्रिय मा. वि. बाब्लामा दरवन्दी रहेका शिक्षक श्री तिलक कुँवर काठ्माण्डौ काजमा रहेको अवस्थामा स्थानीय भत्ता उपलब्ध गराएको नियम संगत देखिएन । अत: आ. व. २०७७/७८ मा १०.५ महिनाको स्थानीय भत्ता बापत उपलब्ध गराएको रकम रु. ९२४००।- असुल गर्नुपर्ने रु. — ९२,४००।-

५१. **सेनिटरी प्याड** : सामुदायिक विद्यालयमा अध्ययनरत किशोरावस्थाका छात्राहरुलाई महिनावारीका समयमा आवश्यक पर्ने सेनिटरी प्याड नि:शुल्क उपलब्ध गराउन कोटेशन माध्यमबाट छनौट गरी दिदी बहिनी जैविक प्याड उद्योगबाट प्रति प्याड रु.९९.८९ (मू.अ.कर समेत) का दरले ८००० प्याकेटको ढुवानी समेत रु.७९९१२६/- (मूअकर समेत) भुक्तानी गरिएको छ । सो सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् :

५१.१ कार्यालयले जैविक प्याड को अधिकतम खरिद मूल्य रु. ८८.३९।(मूअकर बाहेक) का दरले ८००० प्याकेटको रु. ७९९१३६/- लागत अनुमान तयार गरेकोमा सोको कुनै आधार खुलाएको छैन । सार्वजनिक खरिद ऐन नियमावलीमा भएका व्यवस्थाहरुको पालना नगरी आधार नखुलाई लागत अनुमान तयार गर्दा सार्वजनिक खरिद मितव्ययी, पारदर्शी हुन नसक्ने भएकाले ऐन नियमावलीमा भएको व्यवस्था अपनाई लागत अनुमान तयार गर्नुपर्दछ ।

५१.२ कार्यालयले वर्षभरी विद्यार्थीलाई सेवा दिन खरिद गर्ने प्याड आर्थिक वर्षको अन्तमा अर्थात आषाढ २७ मा खरिद गरेकोले लक्षित उद्देश्य पुरा हुने देखिएन ।

५१.२ कार्यालयको जिन्सी खातामा २०७८/३/३० मा स्यानिटरी प्याड ८००० प्याकेट आम्दानी जनाएकोमा कार्यालयले विद्यालयलाई स्यानिटरी प्याड वितरण नगरी रु ७९९१३६/- बराबरको ८००० थान स्यानिटरी प्याड वितरण नगरी मौज्दात राखेको छ । कार्यक्रम अनुसार सम्बन्धित सामुदायिक विद्यालयलाई स्यानिटरी प्याड वितरण हुनुपर्ने रु. — ७,९९,१३६/-

५२. **जिन्सी दाखिला**: आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५(१) अनुसार कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको र खरिद गरी वा नगरी, कुनै प्रकारले हस्तान्तरण भई वा वस्तुगत सहायता वा अन्य कुनै प्रकारबाट प्राप्त हुन आएको सम्पत्ति तथा जिन्सी मालसामानको विवरण र मुल्य समेत खुलाई सम्पत्ति तथा जिन्सी किताबमा सात दिनभित्र आम्दानी बाँधी लगत अद्यावधिक गर्नु, गराउनु पर्ने व्यवस्था छ । साथै नियमावली बमोजिम कार्यालयले सामान खरिद बापतको रकम भुक्तानी दिदा जिन्सी शाखाले खरिद सामान चेकजाँच गरी बिल बिजक बमोजिम दुरुस्त भएकोमा मात्र भुक्तानीको लागि सिफारिस गर्नुपर्नेमा कार्यालयले निम्न सामानहरु खरिद गरी रकम रु. २५६९८५५/- भुक्तानी दिएकोमा लेखा परिक्षण अवधि सम्म सो सामानहरु स्टोर दाखिला भएको देखिएन अत: जिन्सी दाखिला गरी स्वास्थ्य संस्थाहरुलाई हस्तान्तरण गरेको प्रमाण पेश गर्नुपर्ने रु. — २५,६९,८५५।-

गो. भौ. नं./मिति	सामानको विवरण	परिमाण	सप्लायर्सको नाम	भुक्तानी रकम	कैफियत
४९१/०७८-०३-३१	Computer, Printer, Canon तथा Computer Table	१५ सेट	एन्जिला ट्रेड एण्ड सप्लायर्स	१६८६५२५.००	लेखा परिक्षण अवधि सम्म सो सामानहरु स्टोर दाखिला भएको देखिएन अत: जिन्सी दाखिला गरी स्वास्थ्य संस्थाहरुलाई हस्तान्तरण गरेको प्रमाण पेश गर्नुपर्ने
८८/०७७-१०-१५	Hp 14 ryzen 3 amd redeom graphics 8 gb ram,1+b hdd,win 10 ginuine	६ सेट	उग्रतारा ट्रेडिङ्ग हाउस (३००x१२९६८)	४९८३३०.००	जिन्सी दाखिला गरी वितरण गरेको प्रमाण पेश गर्नुपर्ने

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम

४३०/०७८-०३-३०	Biometric device installation	१४ सेट	खसड नेट प्रा.लि. (६०९७७७४३९)	३८५०००.००	सम्पुर्ण सामान स्टोर दाखिला गरी warrenty period भित्र जडान भएको प्रमाण पेश गर्नुपर्ने	
			जम्मा	२५६९८५५/-		

प्रदेश सरकारबाट हस्तान्तरीत कार्यक्रम

५३. **बढि भुक्तानी** - कार्यालयले प्रभा धम्कोट मा. वि. खानेपानी योजनाको बिल बाट रु. ७६८०००।- भुक्तानी गर्दा PN 16, 32mm र PN 16, 20mm को पाइप ५५१० मिटरको रकम रु. ३६५८४०।- भुक्तानी दिएकोमा नापजाँच गर्दा १५०० मिटर मात्र देखिएकोले बढी खरिद देखाई भुक्तानी लिएको पाइप ३५१० मिटरको रकम रु. २५८२६०।- असुल गर्नुपर्ने रु २,५८,२६०।-

पूँजीगत तर्फः

५४. **योजना छनौटः** योजना छनौट गर्नुपुर्व योजनाको लागि लाग्ने ज्यामी सामान खरिद ढुवानी तथा अन्य आवश्यक कुराहरु खुलाई लागत अनुमान तयार गरेर मात्र योजना सञ्चालन गर्नुपर्नेमा कार्यालयले निम्न ४ योजनाको लागि रु. १६,५१,८२०/- बजेट विनियोजन गरेको र सोही बमोजिम खर्च गरेकोमा योजना अन्तर्गत रु. १६,५१,८२०/- को पाइप तथा जाली मात्र खरिद भएको देखिएकोले सो पाइप तथा जाली जडान गरेको प्रमाण पेश गर्नुपर्दछ ।

क) सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४)मा उपभोक्ताको हरेक किस्ताको भुक्तानीमा कामको प्राविधिक मुल्यांकन भई आएको आधारमा लागत अनुमानमा रहेको ओभरहेड मुल्य अभिबृद्दीकर कन्टिन्जेन्सी र जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी दिन सकिने व्यवस्था गरेको छ । जस अनुसार उपभोक्ता समितिलाई जनश्रमदान समावेश हुने निर्माण कामको लागि संझौता गरी कार्य अनुमति दिनुपर्ने देखिन्छ । निर्माण सामाग्री खरिदको कार्य उपभोक्ता मार्फत गराउन मिल्ने आधार देखिंदैन । कार्यालयले कार्यपालिकाको निर्णय बमोजिम उपभोक्ता समितिवाट सम्पन्न हुने योजनामा भुक्तानी भएको रकम रु. १६५१८२०/- को १० प्रतिशत रकम रु. १६५१८२/- जनश्रमदान कट्टा गरेर मात्र भुक्तानी दिनुपर्नेमा सो नगरेकोले बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु. १,६५,१८२।००

क्र. सं	गो.भौनं/मिति	कामको विवरण	भुक्तानी रकम	जनश्रमदान	लिनुपर्ने जनश्रमदान नलिएको असुल गर्नुपर्ने	कैफियत
१	९७/०७७-१२-५	पातलकोट खानेपानी योजनाको पाईपमात्र खरिद गरी	४०००००.००	०	४००००.००	नापजाँच समेत नभएको प्राविधिक प्रतिवेदन समेत नभएको
२	४३६/०७८-३-२४	वडाको रकमवाट सिंचाई पाईप खरिद	३८२८२०.००	०	३८२८२.००	
३	४०७/०७८-३-२१	सिद्वेश्वर वडामा पाईप खरिद	४५९०००.००	०	४५९००.००	
४	३८८/०७८-३-२०	तार जालि खरिद	४१००००.००	०	४१०००.००	
		जम्मा	१६५१८२०.००	०	१६५१८२.००	

ख) सामान खरिदको लागि मात्र उपभोक्ता समिति गठन गर्नु नियम संगत देखिएन।

नगरपालिका पूँजीगत

५५. **भेरियसन आदेशः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ को उपदफा १ घ बमोजिम पन्ध्र प्रतिशत देखि माथी पच्चीस प्रतिशतसम्मको भेरियशन सम्बन्धित मन्त्रालयको सचिव वा सो सरहको सम्बन्धित निकायको प्रमुखले तथा खण्ड (ङ) बमोजिम पच्चिस प्रतिशत भन्दा माथिको भेरिएशन सार्वजनिक निकायको हकमा नेपाल सरकार मन्त्रिपरिषद्ले गर्न सक्ने व्यवस्था छ । नगरपालिकाले सार्वजनिक खरिद नियमावली बनाई लागु गरेको पाईएन । निम्न निर्माण कार्यमा कार्यालयले कार्यपालिकाको १२ औं बैठक २०७८/३/२ मा निर्णय गरी १९ देखी ५३.४५ प्रतिशतसम्मको भेरिएसन स्वीकृत गरेको देखियो।लागत अनुमान तयार गर्दा पुर्वानुमान गर्न सकिने कार्य समेत विश्लेषण नगरी भेरिएसन गरी कार्य गराउने परिपाटीमा नियन्त्रण हुनुपर्दछ ।

गो.भौ. नं./मिति	कामको विवरण ठेक्का नं.	निर्माण व्यवसायीको नाम	सुरु सम्झौता रकम	भेरियसन पश्चातको रकम	भेरियसन बाट थप प्रतिशत	भेरियसन रकम
५१८/०७८-३-३१	शहरी स्वास्थ्य क्लिनिक	बददिवी निर्माण सेवा	३१७७६७०.०४	३७७७६७०.३२	१९%	६०००००।-
५२०/०७८-३-३१	घुघुरकोट स्वास्थ्य चौकी	अनुप कन्सट्रक्सन	१५०३२८७.००	२३१३२८७.०९	५३%	८०९९९९.९१
५३३/०७८-३-३१	डम्पिङ साईड निर्माण	बददिबी निर्माण सेवा	२९९३४२२.७१	४५९३४२२.७०	५३.४५%	१५९९९९९.००
					जम्मा	३०,०९,९९८.८१

नगरपलिका चालु

५६. **इन्धन तथा मर्मतः** नगरपालिकामा रहेका सवारीसाधनहरु (गाडि मोटर साइकल आदि) मा विभिन्न समयमा प्रयोग भएको इन्धन खर्चको लग बुक राखेको पाइएन । इन्धन खर्चको मापदण्ड नबनाई खर्च लेख्दा इन्धनको प्रयोगमा दुरुपयोग बढ्ने संभावना रहने हुँदा मापदण्ड बनाइ खर्च गरीनु पर्दछ । सवारीसाधनहरु मर्मत गरी मर्मत खर्च लेखेकोमा मर्मत अभिलेख समेत राखेको पाइएन । लग बुक तथा स्पष्ट मापदण्ड निर्धारण नगरी पदाधिकारी ईन्धन तथा नगरपालिका कर्मचारी एवं कार्यालय प्रयोजन उल्लेख गरी ईन्द्रसरा आयलस्टोरको विल वाट एक मुष्ट खर्च लेख्ने

दफा	भौ.नं, मिति र व्यहोरा	बेरुजू रकम
	गरेको देखिएकोले खर्चको यथार्थता यकिन गर्न सकिएन ।यसरी खर्च लेखेको केही उदारहण निम्न छन् । इन्धन तथा मर्मत खर्च लेख्दा नियमानुसार अभिलेख राखेर खर्च लेख्नु पर्ने देखिएको छ ।	

गो भौ र मिति	विवरण	आपूर्ति कर्ताको नाम	खर्च लेखेको रकम
१२०—०७७।७।०४	डिजल तथा पेट्रोल	ईन्द्रसरा आयलस्टोर	१९,२०,५९२.०
३५८—०७७।११।१०	डिजल	ईन्द्रसरा आयलस्टोर	९,३६,१९५.०
६५२—०७७।१२।१७	पेट्रोल	ईन्द्रसरा आयलस्टोर	१,२०,०००.०
११६१—०७८।३।१५	डिजल	ईन्द्रसरा आयलस्टोर	२४,९०,०१६.०
		जम्मा:	५४,६६,८०३.०

दफा	भौ.नं, मिति र व्यहोरा	बेरुजू रकम
५७.	**भुक्तानीको आधार पेश नभएकोः** नगरपालिकाले निम्नानुसार नाफा मुलकसंस्था रेडियो जनप्रियलाई रकम भुक्तानी दिएको देखियो । यसरी सभाको निर्णय वेगर नाफाः मुलक संस्थालाई अनुदान दिनु मनासिव नदेखिएको रु.	६,१५,०००.०

गो भौ र मिति	भुक्तानी विवरण	भुक्तानी रकम
११५५।२०७८।३।१५	विभिन्न खुला विल वाट	६,१५,०००.०

दफा	भौ.नं, मिति र व्यहोरा	बेरुजू रकम
५८.	**लागत अनुमानः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा सार्वजनिक निकायले निर्माण कार्यको हकमा १ लाख भन्दा माथी र अन्य कुनै पनि खरिदको लागि तोकिए वमोजिम लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था गरेको छ । नगरपालिककाले विभिन्न मर्मत तथा अन्य खरिद कार्यको लागत अनुमान तयार नगरी सोझै विलको आधारमा खर्च लेखेको छ । मर्मत कार्यको मर्मत अभिलेख अध्यावधिकसमेत नगरी अस्वभाविक रुपमा बढी खर्च गरेको देखिन्छ । यसरी लागत अनुमान स्वीकृत वेगर गरेको मर्मत तथा खरिद कार्य अनियमित देखिएको रु.	१५,२४,६३३.०

गो भौ र मिति	भुक्तानी विवरण	भुक्तानी रकम
९२७।२०७८।०२।१३	सवारी साधन मर्मत	४,१०,१३८.०
९२९।२०७८।०२।१३	ट्रयाक्टर मर्मत	४,२९,८२०.०
९४३।०७८।०२।१३	जे.सी.वी मर्मत	३,४८,३४३.०
९७९।०७८।०२।१९	सवारी साधन मर्मत	३,३६,३३२.०
	जम्मा	१५,२४,६३३.०

दफा	भौ.नं, मिति र व्यहोरा	बेरुजू रकम
५९.	**विधुत महशुल** : कार्यालयले समयमा विधुत महशुलको विल अनुसार रकम भुक्तानी गर्नुपर्दछ । कार्यालयले निम्न भौ. नं र मितिबाट विधुतको महशुल भुक्तानि गर्दा थप दस्तुर रु.६८,६४८.० समेत रु.५,१३,४३१.७ खर्च लेखेको छ । कार्यालयले बजेट भएको अवस्थामा समयमा विधुत महशुल तिरी रिवेट (छुट) लिनुपर्नेमा समयमा महशुल नतिरी थप महशुल भुक्तानी गरेको छ । समयमा महशुल भुक्तानी नगरी थप महशुल तिरी खर्च लेखेको रकम अनियमित देखिएको रु.	६८,६४८.०

सि. नं	भौ.नं र मिति	विल रकम	थप दस्तुर
१.	१०५।०७७।०७।०३	३,११,०७७.०	३९,०१०.१२
२.	१०७९।०७८।०२।३०	२,०२,३५४.७३	२९,६३८.५६
		जम्मा	६८,६४८.०

दफा	भौ.नं, मिति र व्यहोरा	बेरुजू रकम
६०.	**भ्रमण अवधिमा स्थानीय भत्ता भुक्तानीः** भ्रमण खर्च नियमावली, २०६४ को नियम ७(११) मा सरकारी कामको सिलसिलामा भ्रमणमा रही दैनिक भंमण भत्ता उपभोग गर्ने पदाधिकारी वा कर्मचारीले दैनिक भत्ता उपभोग गरेको अवधिभर फिल्ड भत्ता, बैठक भत्ता, तालिम भत्ता, स्थानिय भत्ता वा अन्य कुनै किसिमको भत्ता नपाउने व्यवस्था रहेको छ ।नमुना छनौट विधीबाट परीक्षण गर्दा कार्यालयबाट विभिन्न समयमा देहाय बमोजिमका कर्मचारीहरुको भ्रमणमा स्थानिय भत्ता नकाटिएको रकम सम्बन्धितबाट असुल गरिनु पर्ने रु.	७,४२४.०

भौ. नं मिति	कर्मचारीको नाम	पद	जम्मा दिन	कट्टि हुनुपर्ने रकम
१५३०-०७८।३।३०	लक्ष्मी प्रसाद शर्मा	नि.प्र.अ.	२७.१२	४३४०.०
८६७-०७७।१।१५	सुदिपराज बस्नेत	ले.खा.स	१८	२१६०.०
८९६-०७८।१।१७	शंकर बहादुर थापा	अ.छैठौं	२.४	३८४
८६८।०७८।१।१५	जिवानन्द भट्ट	स.पांचौ	४.५	५४०
	जम्मा			७,४२४।००

दफा	भौ.नं, मिति र व्यहोरा	बेरुजू रकम
६१.	फिल्ड भत्ता - नगरपालिकाले निर्णयबाट अनुदानबाटका करार कर्मचारी वाहेक अन्य सम्पुर्ण करारका प्राविधक कर्मचारीहरुको मासिक तोकिए बमोजिमको फिल्ड भत्ता पाउने निर्णय कार्यपालिकाको वैठकबाट गरेकोमा देहायका स्थानीय भत्ता, दैनिक भ्रमण भत्ताको सुविधा प्राप्त गर्ने स्थायी कर्मचारीहरुलाई पनि फिल्ड भत्ता शिर्षकमा रु. ७,२०,०००.० भुक्तानी गर्दा वढी व्ययभार पर्न गएको रु.	७,२०,०००.०

दफा	भौ.नं, मिति र व्यहोरा	बेरुजू रकम

सि.नं	कर्मचारीको नाम	भत्ता दर	बुझेको रकम
१.	इ. निराजन शाह	७०००.००	८४०००.००
२.	स. इ. सरोज शाह	६०००.0	७२०००.००
३.	स. इ. राजकुमार महतो	६०००.०	७२०००.००
४.	स.इ. जानकी कुंवर	६०००.०	७२०००.००
५.	अ.स.इ. ओर्पेन्द्र बहादुर कुंवर	५०००.०	६००००.००
६.	अ.स.इ. प्रमोद चौधरी	५०००.०	६००००.००
७.	अ.स.इ. देवकी कुमारी झा	५०००.०	६००००.००
९.	अमिन खेमराज जोशी	५०००.०	६००००.००
१०.	अ.स.इ. संदेश विक्रम रावत	५०००.०	६००००.००
११.	अ.स.इ. भुपेन्द्र ब. कुँवर	५०००.०	६००००.००
१२.	अ.स.इ. कमल बहादुर सिंह	५०००.०	६००००.००
		जम्मा	७,२०,०००.००

विपद व्यवस्थापन खर्च

६२. **विल भर्पाई वेगर भुक्तानी** : आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) वमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च गर्ने विल, भर्पाइ, प्रमाण र कागजात संलग्न गरी अधिकार प्राप्त अधिकारीवाट स्वीकृत गराइ खर्च गर्नुपर्ने व्यवस्था छ । खाधान्न खरिद गरी भुक्तानी गरेकोमा वितरण भर्पाइ पेश नभएको रु. ५,७२,७६५।००

गो. भा. नं. मिति	खाधान्नको नाम	खरिद परिमाण	रकम
४।०७८।२।२०	सोयाविन तेल	४० पेटी	५८४००.००
	मासको दाल	१५० केजी	२२५००.००
	मुसुरको दाल	१२५ केजी	१६८८५.००
३२।०७८।२।२१	मासको दाल	३०० केजी	४८०००.००
	मुसुरको दाल	३०० केजी	४२०००.००
४२।०७८।२।२१	चामल मोटो	८६ क्वीन्टल	२८६३८०.००
५१।०७८।२।२१	चामल मोटो	१२ क्वीन्टल	४६२००.००
	मासको दाल	१८० केजी	२७९००.००
	मुसुरको दाल	१७५ केजी	२४५००.००
	जम्मा		५७२७६५।००

६३. **पेश्कि बाँकीः** आर्थिक कार्यविधि नियमावली, २०७४ को नियम ७४(३) मा पेश्की दिएको रकम म्याद भित्र फछ्यौंट गर्नु गराउनु पेश्की लिने एवं दिने दुबैको कर्तव्य हुने कुरा उल्लेख छ । कार्यालयले उपलब्ध गराएको पेश्की बाँकीको विवरण अनुसार आर्थिक वर्षको अन्त्यसम्म फछ्यौट हुन बाँकी रहेको निम्नानुसार म्याद नाघेको पेश्की रकम नियमानुसार फछ्र्यौट गर्नुपर्ने रु. ३०,४५,०००।००

सि नं	पेश्कि लिनेको नाम	पद/ठेगाना	प्रयोजन	रकम रु
१	नेपाल विद्युत प्राधिकरण वितरण केन्द्र	साँफेबगर, अछाम	विद्युतिकरण कार्यक्रम	१७,००,०००।००
२	महेन्द्र मा. वि.,	साँफेबगर	विविध खर्च	७५,०००।००
३	कालिकाटोल खानेपानी उ. स., कुपेसैन	साँफेबगर	खानेपानी योजना सञ्चालन	७,५०,०००।००
४	बागभिडी डिप बोरिङ्ग खानेपानी योजना उ. स.	साँफेबगर	खानेपानी योजना सञ्चालन	५,२०,०००।००
			जम्मा	३०,४५,०००।००

६४. आ.व २०७७।७८ को अषाढ मसान्तसम्म कोभिड-१९ रोकथाम तथा नियन्त्रणको लागि भएको आम्दानी तथा खर्चको विवरण निम्नानुसार रहेको छः

आम्दानी स्रोत	रकम रु	खर्च शिर्षक	रकम रु
गत बर्षको बाँकी	३१,७९,१२७.०	राहत वितरण	११,५४,०००.०
स्थानीय तहको आफ्नै वजेटवाट	४१,३४,०००.०	क्वारेन्टाइन निर्माण तथा व्यवस्थापन	०.
संघीय कोभिड कोषवाट	१९,४२,०००.०	औषधी एवं स्वास्थ्य उपकरण खरिद	१९,००,०००.०
प्रदेश कोभिड कोषवाट	०	आइसोलेसन केन्द्र निर्माण	०
अन्य स्रोतवाट	५७,६७,००३.०	खोप कार्यक्रम खर्च	०
		जोखिम भत्ता	६२,४८,५८५.०
		प्रशासनिक खर्च	०

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम

		अन्य खर्च	५७,१९,४१८.०
		बाँकी	१२७.०
जम्मा	१,५०,२२,१३०.०		१,५०,२२,१३०.०

६५. यस वर्ष फछ्यौंट भएको वेरुजुको स्थिति निम्नानुसार रहेको छ ।

(रु.हजारमा)

सि. नं.	आ.व.	दफा नं.	वेरुजुको संक्षिप्त व्यहोरा	फछ्यौंटको आधार				सम्परीक्षण
				असुली	प्रमाण	नियमित	पेश्की	
१	२०७६/७७	२९	महेन्द्र मा.वि प्र.अ कर कट्टी बाँकी	४०	०	०	०	४०
२	२०७६/७७	३०	भ्रमण अवधिको स्थानीय भत्ता असुल उपर	११	०	०	०	११
३	२०७६/७७	३३	कृषि सामाग्री ढुवानी वापतको बहाल कर असुल उपर	४	०	०	०	४
४	२०७६/७७	४८.२	भलिवल प्रशिक्षण केन्द्र निर्माण वापतको असुल उपर	३२	०	०	०	३२
५	२०७६/७७	५०	मोबाईलको जिन्सी दाखिला नभएको	०	०	०	१४०	१४०
६	२०७६/७७	६६	हरि प्रसाद जोशी असुल उपर	५				५
७	२०७६/७७	७६	कालिका मा.वि पातालकोट ४ कोठे भवन निर्माण पेश्की फछ्यौंट नभएको	०	०	०	३६००	३६००
			जम्मा	९२	०	०	३७४०	३८३२

६६. **अनुगमन तथा सम्परीक्षण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरुजू फछ्यौंट गर्ने व्यवस्था रहेको छ । सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फछ्यौंट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा सम्परीक्षण भई गत बर्षसम्मको बाँकी बेरुजू निम्नानुसार रहेको छ ।

गत वर्षसम्मको बेरुजू (A)	यो वर्ष संपरीक्षण गरिएको बेरुजू (B)	गत बर्षसम्मको बाँकी बेरुजू (C=A-B)
१९५२१७३६४.०	३८,३२,०००.०	१९,१३,८५,३६४.०

६७. **अद्यावधिक वेरुजु** - यस नगरपालिकाको २०७७।७८ सम्मको फछ्यौट गर्न बाँकी बेरुजूको स्थिति देहायअनुसार रहेको छ ।

गत वर्षसम्मको बाँकी बेरुजू (A)	यो वर्ष संपरीक्षण गरिएको बेरुजू (B)	यो वर्ष कायम बेरुजू (C)	संपरीक्षणबाट कायम बेरुजू (D)	अध्याविधक बाँकी बेरुजू (E=A-B+C+D)
१९,१३,८५,३६४.०	३८,३२,०००.०	५,६२,३१,०००.०	००	२४,३७,८४,३६४.०

रुद्रनाथ घिमिरे	प्रदिप चालिसे	रामकेशर खत्री	घनश्याम पौडेल
लेखापरीक्षण अधिकारी	लेखापरीक्षण अधिकारी	लेखापरीक्षण अधिकारी	लेखापरीक्षण अधिकारी